मनकामना इन्जिनियरिङ्ग हाइड्रोपावर लिमिटेड
अनामनगर-२९, काठमाण्डौ । फोन नं: ०१-४१०२६०६
Email: hydromanakamana@gmail.com, Web:www.hydromanakamana.com.np

विशेष साधारण सभा सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति: २०८२/११/०१

आदरणीय शेयरधनी महानुभावहरु,

यस कम्पनीको संचालक समितिको मिति २०८२/१०/२९ गते दिउसो ३:३० बजे बसेको बैठकको निर्णय अनुसार निम्न लिखित मिति, समय र स्थानमा निम्न प्रस्ताव उपर छलफल तथा निर्णय गर्न कम्पनी ऐन २०६३ को दफा ६७ अनुसार कम्पनीको विशेष साधारण सभा बस्ने भएकोले सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

विशेष साधारण सभा हुने मिति, समय र स्थान:

मिति : २०८२ फाल्गुन १७ गते आइतबार
समय : विहान ११ बजे
स्थान : क्वालिटी ब्याङ्क्वेट, बुद्धनगर, नयाँ बानेश्वर, काठमाण्डौ

छलफलका विषयहरु:

विशेष प्रस्तावहरु:

१. कम्पनीको हकप्रद शेयर निष्काशनको पूर्व स्वीकृतीको अनुमोदन सम्बन्धमा ।
२. नियमावालीको नियम २७ को २ मा भएको व्यवस्थालाई संशोधन गर्ने सम्बन्धमा ।
३. सञ्चालक समितिलाई अनुमोदन गर्ने सम्बन्धमा ।
४. यस कम्पनीको हकप्रद शेयर जारी गर्ने कार्य गर्दा विद्युत नियमन आयोग, नेपाल धितोपत्र बोर्ड, नेपाल स्टक एक्सचेञ्ज लिमिटेड, कम्पनी रजिष्ट्रारको कार्यालय लगायत नियमनकारी निकायमा आवश्यक कार्य गर्न साथै प्रबन्धपत्र तथा नियमावलीमा कुनै संसोधन/थपघट/फेरबदल/परिमार्जन गर्न वा मिलाउन कुनै सुझाव वा निर्देशन दिएमा सोहि सम्बन्धी कार्य गर्नका लागि कम्पनीको संचालक समितिलाई अख्तियारी प्रदान गर्नको लागि प्रस्ताव पेश गर्ने सम्बन्धमा ।
५. विविध ।

विशेष साधारण सभा सम्बन्धी जानकारीहरु:

१. विशेष साधारणसभा प्रयोजनको लागि २०८२ फाल्गुन ८ गते एक दिनको लागि शेयरधनी दर्ता किताब बन्द रहनेछ र सो भन्दा अघिल्लो दिनसम्म नेपाल स्टक एक्सचेञ्ज लिमिटेडमा कारोबार भई यस कम्पनीको शेयर रजिष्ट्रार ग्लोवल आई. एम. ई. क्यापिटल लिमिटेड, नक्साल काठमाण्डौंमा प्राप्त शेयर नामसारीको लिखितको आधारमा शेयरधनी किताबमा कायम शेयरधनीहरुले मात्र सो सभामा भाग लिन योग्य हुनेछन् ।
२. सभामा भाग लिन इच्छुक शेयरधनी महानुभावहरुले सभाको दिन सभा शुरु हुनु भन्दा अगावै सभा स्थलमा रहेको हाजिरी पुस्तिकामा दस्तखत गर्न अनुरोध छ । हाजिरी पुस्तिका बिहानको १०:०० बजेदेखि दिनको ११:१५ बजे सम्म खुल्ला रहनेछ ।
३. सभामा उपस्थित हुने शेयरधनी महानुभावले सभाकक्ष भित्र प्रवेश गर्नका लागि आफ्नो परिचय स्पष्ट खुल्ने किसिमको फोटो सहितको कुनै प्रमाणपत्र वा हितग्राही खाता विवरण वा शेयर प्रमाण पत्र साथमा लिई आउनु हुन अनुरोध छ ।
४. विशेष साधारण सभामा भाग लिनको लागि प्रतिनिधि (प्रोक्सी) नियुक्ति गर्न चाहने शेयरधनी महानुभावहरुले आफ्नो सम्पुर्ण शेयरको एउटै प्रतिनिधि-पत्र (प्रोक्सि फारम) भरी सभा शुरु हुने समय भन्दा कम्तीमा ४८ घण्टा अगावै यस कार्यालयमा दर्ता गराईसक्नुपर्ने छ । प्रतिनिधि (प्रोक्सी) नियुक्ति गरिएको व्यक्ति समेत यस कार्यालयको शेयरधनी हुन आवश्यक छ । त्यस्तै एक भन्दा बढि व्यक्तिहरुलाई आफ्नो शेयर विभाजन गरी तथा अन्य कुनै किसिमबाट छुट्याएर दिइएको प्रोक्सी बदर हुनेछ ।
५. कुनै शेयरधनी महानुभावहरुले छलफलको विषय मध्ये विविध शीर्षक अन्तर्गत कम्पनी सम्बन्धि कुनै विषयमा छलफल गर्न/गराउन चाहेमा सभा हुनु भन्दा ७ कार्यदिन अगावै कम्पनी सचिव मार्फत संचालक समितिको अध्यक्षलाई लिखित रुपमा प्रस्ताव दिनु पर्नेछ । तर त्यस्तो प्रस्ताव विशेष साधारण सभामा छलफल वा बहसको रुपमा समावेस गर्ने/नगर्ने अधिकार संचालक समितिको अध्यक्षमा निहित हुनेछ ।
६. कम्पनीको विशेष साधारण सभा सम्बन्धि थप जानकारी आवश्यक परेमा कार्यालय समय भित्र कम्पनीको रजिष्ट्रर्ड कार्यालय अनामनगर, काठमाण्डौं वा शेयर रजिष्ट्रार ग्लोवल आई.एम.ई. क्यापिटल लिमिटेड, नक्साल, काठमाण्डौंमा सम्पर्क राख्न अनुरोध गरिन्छ। थप जानकारी कम्पनीको वेवसाइट www.hydromanakamana.com.np बाट प्राप्त गर्न सक्नुहुनेछ ।

संचालक समितिको आज्ञाले
कम्पनी सचिव